फोननं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौं ।

प.सं.:-२०७६/७७
च.नं.:-००२

मितिः २०७६/०४/०१

विषयः कर्मचारी परिचालन सम्बन्धमा ।

श्री स्थानीय तहहरु,
(महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिकाहरु सबै)

वर्तमान समयमा स्थानीय, प्रादेशिक तथा संघीय संरचनाहरुबाट राज्य संचालनका काम कारवाहीहरु हुँदै आएका छन् । आफ्नो क्षेत्राधिकार भित्रको बिषयमा स्वतन्त्र र स्वायत्त रहनु तथा साझा हितको विषयमा एक आपसमा अनुबन्धित हुनु नै संघीयताको सुन्दर पक्ष हो । यसका लागि संघ, प्रदेश र स्थानीय तीन वटै तहहरुको आपसी सहयोग, समन्वय र सहकार्य हुनु अपरिहार्य छ । जनताका काम कारवाहीमा सबै भन्दा नजिक रही प्रत्यक्ष एवं अहम् भूमिका निर्वाह गर्ने निकाय स्थानीय तह नै हो जसले संविधान र प्रचलित कानुनको अधिनमा रही आवश्यक सेवा प्रवाह, स्थानीय विकास निर्माण, विपद् व्यवस्थापन लगायत क्षेत्रमा काम गर्दै आएको छ । विपद व्यवस्थापन जस्तो विषय संवेदनशील र राष्ट्रको पहिलो प्राथमिकताको विषय पनि हो । हालैका दिनमा बाढी, पहिरो, डुबान, कटान लगायत प्रकोपका कारण ठूलो मात्रामा जनधनको क्षति भएको अवस्था छ । यस अवस्थामा तुरुन्तै परिचालित भई खोज, उद्धार, राहत लगायतका कार्यमा तदारुकता देखाउनु पर्ने हुन्छ । विपद् जोखिम न्यूनीकरण, नियन्त्रण, रोकथाम र व्यवस्थापनका कार्यमा सुरक्षा निकायहरु लगायत नेपाल सरकारका सबै प्रशासनिक संयन्त्रहरु, प्रदेश तथा स्थानीय तहहरु समन्वयात्मक रुपले परिचालित भईरहेका छन् । यस्तै संघ र प्रदेशबाट अन्य कार्यमा कर्मचारीहरुको माग भएमा तत्काल स्थानीय तहहरुले कर्मचारी परिचालन र व्यवस्थापन गर्न जरुरी भएकाले देहायका कार्यमा स्थानीय तहहरुको सहयोग आवश्यक रहने हुँदा सो क्षेत्रमा स्थानीय तहहरुले पूर्ण रूपमा सहयोग पुर्याउने व्यवस्था हुन यस मन्त्रालयको मिति २०७६/०४/०१ को निर्णयानुसार अनुरोध छ ।

<u>देहाय</u>

१. विपद व्यवस्थापन सम्बन्धि कार्यमा संघ तथा प्रदेशका सरोकारवाला निकायहरुलाई आवश्यक परी कर्मचारी माग भएमा ।

२. विभिन्न संवैधानिक अंगहरुको कामलाई प्रभाबकारी बनाउन ती अंगहरुबाट माग भएमा ।

३. सबै तहका साझा सरोकारका अन्य विषयहरुमा संघ तथा प्रदेशबाट कर्मचारीहरु माग भएमा ।

२०७६।४।१
(ऋषिराज आचार्य)
उपसचिव